"औद्योगिक, पर्यटकीय र हरित नगर, स्वच्छ, सुरक्षित र समृद्ध नगर"

# दमक नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
कोशी प्रदेश, नेपाल

फोनः ०२३-५८००४४, ५८०१३७, ५८०५०२
www.damakmun.gov.np
info@damakmun.gov.np

प.सं.: ०८२/८३
च.नं. ६४४४

मितिः २०८३/०१/२९

**विषयः आर्थिक प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

श्री सूचीकृत फर्महरु,
सबै।

प्रस्तुत विषयमा आ.व. २०८२/८३ मा दमक नगरपालिका वडा नं. १० मा अवस्थित ईन्द्रेणी तालमा मोटर बोट/ पर्यटकीय क्रियाकलाप सञ्चालनका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्नुपर्ने भएको हुँदा यस सूचना साथ संलग्न Bill of Quantities (BOQ) बमोजिमको कार्य के कति मा गर्न सकिन्छ? भन्ने विवरण खुलाइ तपशिल बमोजिम हुने गरी प्रस्ताव पेश गर्नुहुन यस प्रकृतिका कार्य गर्न इजाजत प्राप्त गरी सूचीकृत भएका सबै फर्म/कम्पनीहरुलाई संलग्न TOR अनुसारको कार्यका लागि BOQ सहितको आर्थिक प्रस्ताव खामबन्दी गरि ७ (सात) दिन भित्रमा पेश गर्नुहुन जानकारी गराइन्छ। सूचीकृत नभएका फर्महरुले सूचीकृत हुने प्रक्रिया पूरा गरी प्रस्ताव पेश गर्न सक्नुहुनेछ।

- **प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०८३/०२/०४ गते कार्यालय समयभित्र।**
- **दरखास्त साथ संलग्न राख्नुपर्ने कागजातहरुः**
    - यस नगरपालिकामा सूचीकृत भएको निस्सा प्रमाण
    - कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि
    - भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
    - आ.व. ०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
- थप जानकारीका लागि यस कार्यालयको वातावरण तथा सरसफाई शाखामा कार्यालय समयभित्र सम्पर्क गर्न सक्नुहुनेछ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

# दमक नगरपालिका

नगर कार्यापालिकाको कार्यालय

दमक झापा, कोशी प्रदेश

Bill of Quantity (BOQ)


दमक नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमक-झापा कोशी प्रदेश, नेपाल २०७३

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| कार्यक्रम | प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार। |
| प्रस्तावक | दमक नगरपालिका, दमक झापा |
| प्रस्ताव | दमक नगरपालिका वडा नं. १० मा रहेको ईन्द्रेणी तालको मोटरबोट/ पर्यटकीय क्रियाकलाप सञ्चालन |
| प्रतिवेदन तयार पार्ने अवधी | सम्झौता मिति देखि अधिक्तम ३० दिन सम्म |

| सि न | जनशक्ति | संख्या | इकाई | कार्यदिन | दर प्रति कार्यदिन | | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षरमा | | |
| १ | टोली नेता (वातावरण विद्) | १ | जना | १२ | | | | |
| २ | समाजशास्त्री। सामाजिक आर्थिक विज्ञ | १ | जना | ६ | | | | |
| ३ | कानुन विद | १ | जना | १ | | | | |
| ४ | हाइड्रोलोजिष्ट/भूगर्वविद | १ | जना | ७ | | | | |
| ५ | सिभिल इन्जिनियर | १ | जना | ७ | | | | |
| ६ | वन विज्ञ | १ | जना | ३ | | | | |
| ७ | सर्वेक्षक १ | १ | जना | ३ | | | | |
| ८ | कम्पुटर अपरेटर | १ | जना | ७ | | | | |
| ९ | कार्यालय सहयोगी | १ | जना | १२ | | | | |
| १० | सरोकारवालाहरुसँग अन्तर्क्रिया तथा छलफल | २ | पटक | पटक | | | | |
| ११ | प्रतिवेदन ड्राफ्ट तयारी तथा प्रस्तुतीकरण | २ | पटक | पटक | | | | |
| १२ | अन्तिम प्रतिवेदन प्रस्तुतीकरण | २ | पटक | पटक | | | | |
| १३ | विविध खर्च | १६ | पटक | LS | | | | |
| | जम्मा | | | | | | | |
| | मुल्य अभिवृद्धी कर रु. | | | | | | | |
| | कुल जम्मा रु. | | | | | | | |

# ईन्द्रेणी तालमा मोटर बोट / पर्यटकीय क्रियाकलाप संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची (TOR)



**दमक नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

दमक, झापा, कोशी प्रदेश

**बैशाख २०८३**

**संक्षिप्त रुप :**

| | | |
|---|---|---|
| जि.स.स. | - | जिल्ला समन्वय समिति |
| जी.आई.एस. | - | जिओग्राफिक ईन्फर्मेशन सिस्टम |
| IEE | - | Initial Environmental Examination |
| न.पा. | - | नगरपालिका |
| ने.रु | - | नेपाली रुपैयाँ |
| मि. | - | मिटर |
| सा.व | - | सामुदायिक वन |
| सि.न | - | सिरियल नम्वर |
| हे. | - | हेक्टर |
| Sm | - | Square Meter |

# बिषयसूची


१.प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना ........ 1

प्रस्तावकको नाम र ठेगाना ........ 1

२. प्रस्तावको विवरण ........ 1

३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि ........ 9

३.१. प्रारम्भिक अध्ययन ........ 9

३.२ नक्साहरुको अध्ययन र टोपो नक्सामा भौगोलिक अवस्थितिको चित्रण ........ 9

३.३ प्रस्ताव सम्बन्धी चेकलिष्ट र प्रश्नावलीको तयारी ........ 9

३.४ सार्वजनिक सूचना एवं सिफारिस पत्रहरू ........ 10

३.५ फिल्ड अध्ययन भ्रमणको क्रममा प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रको वस्तुगत वातावरणीय अवस्थाको विवरण ........ 10

३.५.१ भौतिक वातावरण (Physical Environment) ........ 10

३.५.२ जैविक वातावरण (Biological Environment ) ........ 10

३.५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment) ........ 11

३.५.४ तथ्यांक समीक्षा एवं वातावरणीय प्रभावको अनुमान ........ 11

४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता ........ 12

५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र लागत ........ 13

६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरण पर्ने खास प्रभाव ........ 15

६.१ भौतिक वातावरणा (Physical Environment ) ........ 15

६.२ सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment) ........ 15

६.३ जैविक वातावरण( Biological Environment) ........................................................ 15

६.४ रासायनिक वातावरण (Chemical Environment)...................................................... 15

७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु ........................................................................................ 16

८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको वढोत्तीकरण/न्यूनीकरण गर्ने उपायहरू (Impact Mitigation and Enhancement Measures ) ........................................................................ 17

९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू (Matters to be Monitored During the Proposal Implementation ) ........................................................................................ 18

१०. प्रतिवेदनको स्वरुप (Report Format ) ........................................................................ 20

# तस्वीरसूची

Figure 1 : भु-उपयोग नक्सामा प्रस्तावित स्थलको अवस्थिती......................................5
Figure 2 : Google नक्सामा इन्द्रेणी तालको अवस्थिति..............................................6
Figure 3 : Topographic नक्सामा इन्द्रेणी तालको अवस्थिति.......................................7

# तालिकासूची

TABLE 1 : प्रस्तावको विवरण ........................................................................................2
TABLE 2 : नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड सूचि..............................................12
TABLE 3 : प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको अधित्तम समय तालिका.................................13
TABLE 4 : प्रभाव म्याट्रिक्स ढाचाँ ..................................................................................17
TABLE 5 : वातावरणीय व्यवस्थापन योजनाको ढाचाँ ..........................................................17
TABLE 6: आधाररेखा अनुगमन ढाँचा ..............................................................................18
TABLE 7: नियमपालन अनुगमन ढाचाँ ..............................................................................19
TABLE 8: वातावरणीय व्यवस्थापन योजनाको ढाचाँ ............................................................19

१.प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना

प्रस्तावकको नाम र ठेगाना

झापा जिल्लाको दमक नगरपालिका वडा नं. १० स्थित इन्द्रेणी काललाई पर्यटकीय क्रियाकलाप सञ्चालनका लागि प्रस्ताव गर्ने प्रस्तावक दमक नगरपालिका, दमक झापा रहेको छ । प्रस्तावकको पुरा नाम र ठेगाना निन्मानुसार रहेको छ :

दमक नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

दमक, झापा

फोन :०२३५९७०००

इमेल info@damakmun.gov.np

२. प्रस्तावको विवरण

(क) सामान्य पारिचयः

दमक नगरपालिका वडा नं. १० मा अवस्थित ईन्द्रेणी ताल पर्यटकलाई एक उत्कृष्ट गन्तव्यको रुपमा रहेको छ। यस तालले स्थानीय स्तरमा जैविक विविधता संरक्षण, वातावरणीय सन्तुलन कायम राख्न तथा मनोरञ्जन र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ताल वरपर हरियाली, वनस्पति तथा विभिन्न प्रजातिका चराचुरुङ्गीहरूको उपस्थिति रहेकोले यसको वातावरणीय महत्त्व अझ बढेको पाइन्छ। वातावरणीय सन्तुलन कायम राख्न तथा मनोरञ्जन र पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। ताल वरपर हरियाली, वनस्पति तथा विभिन्न प्रजातिका चराचुरुङ्गीहरूको उपस्थिति रहेकोले यसको वातावरणीय महत्त्व अझ बढेको पाइन्छ।

इन्द्रेणी तालमा मोटर बोट सञ्चालन गर्दा स्थानीय आवश्यकता तथा पर्यटन प्रवर्द्धन दुवै पक्षलाई समेटेर योजना बनाउन आवश्यक देखिन्छ। हाल आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण बढ्दै गएको सन्दर्भमा ताल क्षेत्रमा सुरक्षित र व्यवस्थित बोट सेवा सञ्चालनको माग उल्लेखनीय रूपमा बढेको छ। पर्यटकहरूलाई तालको अवलोकन, मनोरञ्जन तथा साहसिक अनुभव प्रदान गर्न मोटर बोट एक प्रभावकारी माध्यम बन्न सक्छ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय समुदायको दृष्टिकोणबाट हेर्दा, मोटर बोट सञ्चालनले रोजगारी सिर्जना गर्ने, आयआर्जनका अवसर वृद्धि गर्ने तथा साना व्यवसायहरू (जस्तैः होमस्टे, होटल, हस्तकला) लाई टेवा पुऱ्याउने सम्भावना रहेको छ। यसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग गर्नेछ।

इन्द्रेणी ताल स्थानीय बासिन्दाहरूका लागि मनोरञ्जन, विश्राम तथा सामुदायिक गतिविधिहरू सञ्चालन गर्ने उपयुक्त स्थलका रूपमा विकास हुँदै गएको छ। साथै, यस क्षेत्रले आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुऱ्याउँदै आएको छ। तर, पछिल्लो समय मानवीय गतिविधि, फोहोर व्यवस्थापनको कमी तथा अव्यवस्थित विकासका कारण तालको प्राकृतिक अवस्था प्रभावित हुने सम्भावना देखिएको छ। यस आयोजनाको भौगोलीक बिन्दु अक्षांश र देशान्तर क्रमशः २६°४२'३५.७०"N, ८७° ४२' ०.३७"E साथै सामुंद्रिक सतह १६१ मिटरको उचाईमा अवस्थित रहेको छ ।

यस कारण, इन्द्रेणी तालको संरक्षण, व्यवस्थापन तथा दिगो उपयोग सुनिश्चित गर्न वातावरणीय प्रभावहरूको अध्ययन तथा मूल्याङ्कन आवश्यक देखिएको छ। दमक नगरपालिकाले उक्त तालको संरक्षण, व्यवस्थापन तथा विकासका लागि वातावरणीय प्रभावहरूको पहिचान, मूल्याङ्कन तथा न्यूनीकरण उपायहरू निर्धारण गर्न प्रचलित कानुनी व्यवस्था अनुरूप Initial Environmental Examination (IEE) अध्ययन सञ्चालन गरी यस क्षेत्रको समुचित संरक्षण तथा विकासका लागि आवश्यक सुझावहरू प्रस्तुत गरिनेछ। साथै यस प्रस्तावीत पार्क क्षेत्र सम्म जान पक्की मोटरबाटोले जोडिएको छ ।

Table 1 : प्रस्तावको विवरण

| मुख्यविषय | विवरण |
|---|---|
| प्रस्तावको नाम | ईन्द्रेणी तालमा मोटर बोट/ पर्यटकीय कार्यक्रम संचालन गर्ने कार्य |
| प्रस्तावक | दमक नगरपालिका, दमक झापा |
| ईन्द्रेणी तालको क्षेत्रफल | २८,२३३ Sq.m. (Aprox) |
| परियोजना सञ्चालन हुने क्षेत्रफल | ५ हेक्टर |
| प्रस्ताव क्षेत्रको ठेगाना | दमक नगरपालिका, वडा-१० महेन्द्रडाँगी |
| आयोजनाको प्रकार | मोटर बोट/ पर्यटकीय क्रियाकलाप संचालन |
| प्रस्तावित क्षेत्र वरिपरिको अवस्थिति | पातलो बस्ती तथा खेतियोग्य जमिन |
| प्रस्तावित क्षेत्र वरिपरिको संवेदनशील स्थान | उत्तर-पुर्व : सिंह देबि उच्चा मा.बि. (३०० मि.) |
| | पश्चिम : मावा खोला (१७० मि.) |
| | दक्षिण : राधा कृष्ण मंन्दिर (४० मि.) |

प्रमुख प्रशासकीय अधिकृत

| भौगोलिक जानकारी | विवरण | |
|---|---|---|
| भौगोलिक क्षेत्र | तराई | |
| भौगोलिक बिन्दु | माथिल्लो बिन्दु<br>२६°३६'५९.७८"N, ८७°३९'३०.१८"E | |
| | तल्लो बिन्दु<br>२६°३६'३९.८७"N, ८७°३९'२७.२०"E | |
| उचाई | समुंद्री सतह देखि १२७ देखि १२९ मिटर सम्म | |
| भौगोलिक क्षेत्र | तराई | |
| औसत वर्षा | २४५१.३ मि.मि | |
| औसत तापक्रम | गृष्मकालमा औषत ३२ देखी ३५ डि. | शीतलकालमा औषत १० देखी १५ |
| इन्देणी तालको बर्तमान संरचनात्मक बिवरण | ईन्द्रेणी तालको किनार(कोरीडोर) मा लकिङ टायल्स सहितको गोरेटो बाटो निर्माण गरिएको छ भने दक्षिण तर्फ ड्याम निर्माण गरिएको गरी पानीको स्तर नियन्त्रण गरिएको छ र किनारमा बृक्षारोपण गरी वातावरणीय सन्तुलन कायम गर्ने प्रयास गरिएको छ। | |

**(ख) प्रस्तावको सान्दर्भिकताः**

इन्द्रेणी ताल प्राकृतिक सौन्दर्य, हरियाली वातावरण, शान्त परिवेश तथा जैविक विविधताले समृद्ध क्षेत्र भएकाले यसलाई पर्यापर्यटनका दृष्टिले अत्यन्तै सम्भावनायुक्त स्थलका रूपमा लिन सकिन्छ। यहाँ पाइने वनस्पति तथा जीवजन्तुको विविधताले पर्यटकहरूलाई आकर्षित गर्ने विशेष क्षमता राख्दछ। यस क्षेत्रको संरक्षण गर्दै दिगो पर्यटन प्रवर्द्धन गर्न सकिने पर्याप्त सम्भावना रहेको छ, जसले वातावरणीय सन्तुलन कायम राख्दै आर्थिक गतिविधि बढाउन सहयोग पुऱ्याउनेछ।

पर्यापर्यटन विकासले स्थानीय बासिन्दाका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्नुका साथै आयआर्जनका स्रोतहरू विस्तार गर्नेछ। विशेषगरी होटल व्यवसाय, होमस्टे, गाइड सेवा, स्थानीय हस्तकला तथा कृषि उत्पादनको बिक्री वितरणमा वृद्धि हुने अपेक्षा गरिएको छ। यसले स्थानीय समुदायको जीवनस्तर सुधार गर्न महत्वपूर्ण भूमिका खेल्नेछ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

साथै, प्राकृतिक स्रोतहरूको संरक्षण तथा दिगो उपयोगबारे जनचेतना अभिवृद्धि गर्न समेत सहयोग पुग्नेछ। पर्यटक आगमनसँगै स्थानीय समुदायमा वातावरणीय जिम्मेवारीको भावना विकास हुनेछ। इन्द्रेणी ताल क्षेत्रलाई व्यवस्थित रूपमा विकास गरी पर्यटक आकर्षणको केन्द्रका रूपमा स्थापित गर्न सकिएमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुग्नेछ।

वातावरणमैत्री पूर्वाधारहरू जस्तै पदमार्ग, विश्रामस्थल, सूचना केन्द्र, फोहोर व्यवस्थापन प्रणाली आदि विकास गर्दा दीर्घकालीन रूपमा पारिस्थितिक सन्तुलन कायम राख्न मद्दत पुग्नेछ। यसले अव्यवस्थित शहरीकरण तथा प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहनलाई समेत नियन्त्रण गर्न सहयोग गर्नेछ।

यस प्रस्तावले पर्यटन विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम गर्ने उद्देश्य लिएको छ, जुन वर्तमान सन्दर्भमा अत्यन्तै आवश्यक छ। स्थानीय तहको विकास नीति, योजना तथा वातावरण संरक्षण ऐन, २०७६ सँग समेत यो प्रस्ताव पूर्ण रूपमा सान्दर्भिक रहेको छ।

अन्ततः, इन्द्रेणी ताल क्षेत्रमा पर्यापर्यटन विकासले नगरपालिकाको पहिचान अभिवृद्धि गर्नुका साथै समग्र क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ। त्यसैले, वर्तमान परिवेशमा इन्द्रेणी तालको पर्यापर्यटन विकास प्रस्ताव अत्यन्तै उपयुक्त, सान्दर्भिक र आवश्यक देखिन्छ।

यस योजनाले दमक नगरपालिकामा पर्यापर्यटनको अवसर मिल्ने र आम्दानिको स्रोत बढ्ने देखिएको छ । यसको अलावा समुदायका मानिसले प्राकृतिक वातावरणमा रमाउन पाउने र यसले गर्दा समुदायमा प्राकृतिक श्रोत संरक्षणको महत्व बढ्ने देखिएको छ।

**(ग) प्रस्ताव स्थलको पहुच तथा अवस्थितिः**

यस प्रस्तावित स्थल जानको लागि महेन्द्र राजमार्ग स्थित बरगाछी (सगरमाथा पेट्रोल पम्प) देखि दक्षिण इट्टाभट्टा हुदै सेतुमारी सडक खण्डमा पर्ने श्री सिंह देवि उच्च मा.बि. देखि पश्चिम जाने सडक खण्ड हुदै इन्द्रेणी तालको माथिलो बिन्दुमा पुग्न सकिन्छ। माथिल्लो बिन्दु सम्मको दुरि राजमार्ग देखि ६.२७ कि.मि.को हाराहारीमा रहेको छ । सेतिमारी सडक खण्डको सुर्यचोक हुदै तालको दक्षिणि क्षेत्रमा पनि पुग्न सकिनेछ ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत





Figure 1 : भु-उपयोग नक्सामा प्रस्तावित स्थलको अवस्थिती



सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत




Figure 2 : Google नक्सामा इन्द्रेणी तालको अवस्थिति

सुनिल निरोला





Figure 3 : Topographic नक्सामा इन्द्रेणी तालको अवस्थिति

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

**(घ) कार्यसूचीको (TOR) उद्देश्य**

यस प्रस्तावनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूचीका उद्देश्यहरु निम्नलिखित रहेका छन्।

- प्रस्तावनाले पार्ने असरहरुमा अध्ययन गरिनुपर्ने विषयहरु पत्ता लगाउने।
- अध्ययनका लागि चाहिने नीति, नियम र कानुनहरुको छनौट गर्ने।
- अध्ययनका लागि गरिनुपर्ने कार्यको कार्यसूची तयार पार्ने।
- अध्ययनका लागि समयसूचीको निर्धारण गर्ने।

**(ङ) प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्य**

प्रारम्भिक वातावरणीय परीक्षणको उद्देश्यहरु निम्नअनुसार रहेका छन्;

- आयोजना कार्यन्वयन गर्दा त्यस क्षेत्रको भौतिक, रसायनिक,जैविक, आर्थिक-सामाजिक तथा साँस्कृतिक वातावरणमा पर्न सक्ने सम्भावित अनुकूल र प्रतिकुल प्रभावहरु पहिचान तथा मूल्यांकन गर्ने।
- आयोजना कार्यन्वयन गर्दा वातावरणमा पर्न जाने अनुकूल प्रभावहरुलाई अधिकतम पार्ने र प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्ने उपायहरु सम्बन्धी सुझाव दिने।
- आयोजनाको बिभिन्न आयामको विषयमा स्थानिय तथा सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराइ प्राप्त उपयुक्त सुझावहरु प्रतिवेदनमा समाबेश गर्ने।
- सुझावहरु कार्यान्वयन तथा अनुगमन गर्न वातावरण व्यवस्थापन र अनुगमन सम्बन्धी कार्ययोजना तयार गर्ने।
- निर्णयकर्तालाई र प्रस्तावकलाई प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावका सम्बन्धमा जानकारी गराई उचित निर्णय लिन सघाउ पुर्याउने।

**(च) प्रारम्भिक वातावरणीय परीक्षणको औचित्य**

वातावरण संरक्षण नियमावलि, २०७७ को अनुसूची २ (छ) को पर्यटन क्षेत्रको ३ र दमक नगरपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि,२०७७ को अनुसूची १ को पर्यटन शिर्षक अनुसार माछा तथा अन्य जलचर भएको कुनै नदी वा तालमा इञ्जीन जडित उपकरण र इन्धन ज्वलन गरी र्‍याफ्टिङ कार्य वा क्रुज सञ्चालन गर्नु परेमा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रावधान रहेको छ ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## ३. प्रतिवेदन तयार गर्दा अपनाउनु पर्ने विधि

**अध्ययन विधि**

वातावरण संरक्षण ऐन २०७६, वातावरण संरक्षण नियमावली २०७७ तथा दमक नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि, २०७७ मा व्यवस्था भए अनुसार प्रस्तुत प्रस्तावको IEE को अध्ययन निम्न विधि तथा प्रक्रियाहरूको अवलम्बन गरी सम्पन्न गर्नुपर्नेछ ।

### ३.१. प्रारम्भिक अध्ययन

प्रस्तावित आयोजनासंग सम्बन्धित रहेर प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा आवश्यक पर्ने सूचना/जानकारी एवं तथ्य-तथ्याङ्कहरु क्रमशः सन्दर्भ सामाग्रीहरुको अध्ययन, स्थलगत अबलोकन र सम्बन्धित सरोकारवाला व्यक्ति तथा निकायहरुसंगको प्रत्यक्ष छलफल तथा अन्तक्रियाबाट गर्नुपर्नेछ । प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा प्रमुख रुपमा संघीय सरकार, प्रादेशिक एवं स्थानीय सरकारले तयार गरेको मौजुदा नीति, नियम तथा निर्देशिकाहरु एवं जिल्ला समन्वय समितिको कार्यालय झापा र दमक नगरपालिकामा उपलब्ध अन्य सन्दर्भ सामाग्रीहरु तथा दस्तावेजहरुको पनि अध्ययन र विश्लेषण गर्नुपर्नेछ ।

### ३.२ नक्साहरुको अध्ययन र टोपो नक्सामा भौगोलिक अवस्थितिको चित्रण

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको भौगोलिक अवस्था, अवस्थितिका साथै वन वातावरण तथा जैविक विविधताको जानकारी हासिल गर्नका लागि गुगल नक्शाको अध्ययन गरी प्रस्तावित क्षेत्र र त्यहाँसम्म पुग्ने पहुँचमार्गको पहिचान गर्ने र त्यस क्षेत्रमा रहेका मठ-मन्दिरहरु, गुम्वा, चैत्य, धर्मशाला, पानी मुहान, सिँचाई कुलो, सडक, बाटोघाटो, कुल-कुलेसा तथा नजीकको गाउँ वस्तीको साथै अन्य संवेदनशिल क्षेत्रहरु पत्ता लगाउने र उक्त कार्यबाट प्रभाव पर्न सक्ने वस्तिहरुको जानकारी समेत नक्साको माध्ययमबाट प्राप्त गर्नुपर्नेछ ।

### ३.३ प्रस्ताव सम्बन्धी चेकलिष्ट र प्रश्नावलीको तयारी

अध्ययनमा उपलब्ध सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन, नक्साहरुको अध्ययन र व्याख्या विश्लेषण तथा प्रश्नावली एवं चेकलिष्टहरुको तयारी र ती सामाग्रीहरुलाई अन्तिम रुप दिईनेछ। सूचनाहरुको पुष्टप्याई लिन र थप जानकारी हासिल गर्नका लागि कार्यसूची तथा वातावरण संरक्षण नियमावली २०७७, जिल्ला समन्वय समिती, नगरपालिकाको क्षेत्राधिकार, आगामी योजना, रणनीति एवं प्रदेश



सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले तयार पारेका प्रावधानहरु समाविष्ट हुने गरी आवश्यकतानुसार चेकलिष्ट र प्रश्नावलीहरु तयार गर्नुपर्नेछ ।

३.४ सार्वजनिक सूचना एवं सिफारिस पत्रहरू

सर्वसाधारणलाई प्रस्तुत प्रस्ताव कार्यान्वयन सम्बन्धी जानकारी दिन एवं प्रस्ताव कार्यान्वयनले गर्दा उक्त क्षेत्रको भौतिक, जैविक, रासायनिक एवं सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरणमा पर्न सक्ने विभिन्न प्रभावहरू बारे धारणा, राय, सुझाव लिनका लागि कुनै पनि स्थानिय दैनिक पत्रिकामा प्रस्ताव सम्बन्धी ७ दिने सूचना प्रकाशन गरीने छ । उक्त सूचना सम्बन्धित न.पा., वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी वा प्रस्ताव क्षेत्र नजिक रहेका अन्य सार्वजनिक स्थलमा टाँसिने छ । यदि प्रस्ताव कार्यान्वयनका लागि सरकारी/समुदायिक वन जग्गा आवश्यक पर्ने रहेछ भने सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहबाट सिफारिस-पत्र लिईने छ । लिइएका सिफारिसपत्रको छायाँप्रति **IEE** प्रतिवेदनमा समाबेस गरीने छ ।

३.५ फिल्ड अध्ययन भ्रमणको क्रममा प्रस्ताव एवं प्रस्ताव प्रभावित क्षेत्रको वस्तुगत वातावरणीय अवस्थाको विवरण

**३.५.१ भौतिक वातावरण** (Physical Environment)

प्रकाशित विभिन्न दस्तावेजहरु/उपलब्ध नक्शा, स्रोत-सामग्री एवं प्रस्ताव-क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरण सम्बन्धी विवरण तयार गरीने छ ।

**३.५.२ जैविक वातावरण** (Biological Environment )

बनस्पतिको विश्लेषण/समीक्षा गर्ने उपयुक्त विधि अपनाई प्रस्ताव एवं योजना प्रस्तावित क्षेत्रमा पाइने वनस्पति, वन्यजन्तु एवं समग्र वनक्षेत्रको अध्ययन एवं समीक्षा गरीने छ । प्रस्तावीत क्षेत्रमा पाइने वन्यजन्तु सम्बन्धी विवरण वन्यजन्तुको पाऊको निशाना, वनक्षेत्र भ्रमण, अवलोकन एवं स्थानीय बासिन्दाहरूसँगको छलफलको आधारमा लिइने छ। त्यसै गरी माछा लगायतका जलचरको विवरण 'क्याप्चर' रिक्याप्चर विधि, नदी, खोला, खहरे क्षेत्रको अवलोकन एवं स्थानीय बासिन्दाहरूको छलफलबाट लिइने छ ।

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

### ३.५.३ सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment)

विभिन्न जाँच सूचि एवं प्रश्नावली, घरधुरी सर्भेक्षण, लक्षित समूह (जस्तै- महिला, जनजाति आदि) संगको छलफल आदि मार्फत् सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण सम्बन्धी विवरण तयार गरीने छ ।

### ३.५.४ तथ्यांक समीक्षा एवं वातावरणीय प्रभावको अनुमान

स्थलगत अध्ययन भ्रमण तथा अन्य उपयुक्त माध्यमबाट आधारभूत तथ्याङ्क सङ्कलन गरिसके पछि ती तथ्यांकहरूलाई विभिन्न समूह (जस्तैः भौतिक, जैविक, रासायनिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक) मा वर्गीकरण गरीने छ । विज्ञबाट प्राप्त सुझाव, सङ्कलित तथ्यांक एवं कम्प्युटर प्रविधि प्रयोग गरी तथ्यांक समीक्षा एवं वातावरणीय प्रभावको अनुमानको खाका प्रतिवेदनमा उल्लेख गरीनेछ। वातावरण प्रभावको समीक्षा एवं अनुमान गर्दा ती प्रभावलाई महत्वपूर्ण वा महत्वहिन (Significant/Insignificant) भनी वर्गीकरण गर्दा निम्न पक्षहरूलाई ध्यानमा दिई गरीने छ ।

प्रकृति(Nature) ..................प्रत्यक्ष/अप्रत्यक्ष (Direct/Indirect)

आकार(Magnitude)........... धेरै/मध्यम/कम (High/Medium/Low)

विस्तार (Extent)............... स्थान/विशेष/स्थानीय/क्षेत्रीय (Site specific/local/Regional)

अवधि(Duration) ............. छोटो-समयमध्यम-समयलामो-समय(ShortTerm/Medium Term/Long Term)

प्रकार (Type).................. फाइदाजनक/प्रतिकूल (Beneficial/Adverse)

सुनिल निरोला
प्रमुख प्रशासकीय अधिकृत

## ४. प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता

प्रस्तावसंग सम्वन्धित विधान नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड र ती दस्तावेजहरूमा उक्त कार्यहरूको वातावरणीय पक्षसंग सम्वन्धित भई गरिएको व्यवस्था प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख गरीने छ । यस सन्दर्भमा नेपाल सरकारले तथा सम्बन्धित मन्त्रालयहरुले तयार तथा कार्यान्वयन गरेको विभिन्न विधान नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड एवं नेपाल सरकारले हस्ताक्षर गरेका विभिन्न अन्तराष्ट्रिय सन्धि, महासंन्धिले तोकेबमोजिम प्रक्रयागत तथा कानुनी व्यवस्थाहरुको पुनरावलोकन गरीने छ ।

Table 2 : नीति, कानुनी व्यवस्था निर्देशिका, मापदण्ड सूचि

| संविधान | नेपालको संविधान |
|---|---|
| नीति तथा रणनीतिक योजनाहरु | • सोह्रौ योजना (२०८१।८२ - २०८५।८६)<br>• जलवायु परिवर्तन नीति २०७६<br>• राष्ट्रिय वन नीति, २०७५<br>• राष्ट्रिय जलवायु परिवर्तन निति २०७६<br>• राष्ट्रिय वातावरण निति २०७६<br>• भु -उपयोग निति २०७२ |
| ऐन तथा नियमहरु | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४,<br>• वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियामावली, २०७७<br>• दमक नगरपालिकाको "वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६<br>• भूउपयोग ऐन२०७६<br>• वन ऐन २०७६<br>• श्रम नियम २०७५<br>• वन नियमावली, २०७९<br>• राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ |

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| | • भू-तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• श्रम ऐन, २०७४ तथा नियम, २०७५<br>• बालश्रम ऐन २०५६<br>• दमक पर्यापर्यटन प्रवर्द्धन तथा सञ्चालन ऐन २०८२ |
| निर्देशिका एवं मापदण्डहरु | • नेपाल राष्ट्रिय भवन संहिता २०७७<br>• सक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय प्ररिक्षण कार्यविधि २०७७<br>• राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५०<br>• वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका,२०५२<br>• वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७७ |
| अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |

## ५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र लागत

(क) समयः प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको समय तालिका तल दिइएको छ ।

Table 3 : प्रारम्भिक वातावरणीय परिक्षण अध्ययनको अधित्तम समय तालिका

| | क्रियाकलाप | हप्ता | | | |
|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ |
| १ | डेष्क अध्ययन र पुनरावलोकन | | | | |
| २ | सार्वजनिक सूचनाको प्रकाशन | | | | |

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## ६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरण पर्ने खास प्रभाव

स्थलगत अध्ययन भ्रमण एवं वस्तुगत वातावरणीय अवस्थाको लिखित तयार पारिसकेपछि प्रस्ताव कार्यान्वयन गर्दा त्यहाँको वातावरणमा पर्न सक्ने खास प्रभावहरूको पहिचान, अनुमान एवं समीक्षा निम्न पक्षहरूमा केन्द्रित भई गरीने छ ।

### ६.१ भौतिक वातावरणा (Physical Environment )

- भौतिक संरचनामा हुने असर
- बाढी एवं अन्य जल उत्पन्न प्रकोप
- नदीको वहाव/बाटोमा आउने प्रभाव
- पानी तथा सरसफाइमा हुने असर
- धुलोपन एवं ध्वनिमा हुने असर
- निर्माण सामग्रीको भण्डारणको प्रभाव
- फोहोरमैला एवं खेरजाने सामग्रीबाट हुने असर

### ६.२ सामाजिक आर्थिक एवं सांस्कृतिक वातावरण (Socio-economic and Cultural Environment)

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो/सडक सञ्जाल
- भौतिक संरचना निर्माणको लागि निर्माण सामाग्रीहरुको उपलब्धता
- धार्मिक/सांस्कृतिक एवं ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य एवं सुरक्षा
- जनसंख्या विस्थापना
- खेतीयोग्य जमिन एवं कृषिजन्य सामग्री
- कामदारबिच भैंझगडा
- शान्ती सुरक्षा तथा अमन चयन

### ६.३ जैविक वातावरण( Biological Environment )

- वनमा पर्ने असरः वन क्षेत्रमा वस्ती विस्तार एवं वन अतिक्रमणको खतरा
- पानी प्रदुषण र वन्यजन्तुमा पर्ने असर तथा अन्य असरहरु

### ६.४ रासायनिक वातावरण (Chemical Environment)

- इन्धन, लुब्रिकेन्टस, अम्ल तथा अन्य रसायनहरूको चुहावट
- धुलो एवं धुवाँ उत्सर्जन

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | स्थलगत अध्ययन र समुदायसितको परामर्श<br>स्थानीयबाट सुझाव संकलन | | | | |
| ४ | स्थानीय र सरोकारवालाहरु सित सिफारिश संकलन | | | | |
| ५ | मुल्यांकन र बिश्लेषण | | | | |
| ६ | मस्यौदा प्रतिवेदनको तयारी | | | | |
| ७ | मस्यौदा प्रतिवेदनको प्रस्तुति | | | | |
| ८ | मुल्यांकन समितिले उठाएका कमेन्टहरुको समावेश र अन्तिम प्रतिवेदन पेश | | | | |
| ९ | अन्तिम प्रतिवेदनको स्वीकृति | | | | |

नोट : यस तालिकामा IEE प्रतिवेदन स्वीकृतिको लागि लाग्ने समय समावेश गरिएको छैन।

ख) अनुमानित बजेट: यस कार्यका लागि दमक नगरपालिकाको वेवसाईटमा सुचना प्रकाशन गरिनेछ र वातावरण सम्बन्धि अध्ययन गर्ने संस्थाहरुबाट पेश भएको न्युनतम अँक कवोल गर्ने संस्थासँग सम्झौता गरी कार्य अगाडी बढाइने छ।

ग) आवश्यक जनशक्ति: ९ जना

| | | |
|---|---|---|
| १. | टोलीनेता वातावरणविद् | १ |
| २. | कानुन विद | १ |
| ३. | सामाजिक तथा आर्थिक विज्ञ | १ |
| ४. | भूगर्भविद्/हाइड्रोलोजिस्टि | १ |
| ५. | सिभिल इन्जिनियर | १ |
| ६. | वन विज्ञ | १ |
| ७. | कम्पुटर अपरेटर | १ |
| ८. | सर्वेक्षक | १ |
| ९. | कार्यालय सहयोगि | १ |

प्रमुख प्रशासकीय अधिकृत

## ७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु

विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्वपूर्ण अंगको रुपमा लिइन्छ। IEE अध्ययनको सिलसिलामा प्रस्ताव स्थान, कार्यविधि, प्रविधि एवं समय-तालिकाजस्ता निम्न उल्लिखित आयामहरू/पक्षहरू समेटी प्रस्ताव कार्यान्वयनका विकल्पहरूको समीक्षा गरिने छ ।

(क) डिजाइन

(ख) आयोजना स्थल

(ग) प्रविधि र सञ्चालन विधि, समय तालिका, प्रयोग हुने कच्चा पदार्थ

(घ) वैकल्पिक समय-तालिका एवं विधि

सुनिता निरौला
प्रमुख प्रशासकीय अधिकृत

## ८. प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावको वढोत्तीकरण/न्यूनीकरण गर्ने उपायहरू
**(Impact Mitigation and Enhancement Measures )**

योजना कार्यान्वयनबाट हुने सकारात्मक प्रभावको बढोत्तीकरण र नकारात्मक प्रभावको न्यूनीकरण गर्ने उपायहरूको चर्चा गर्दा देहायका विषयवस्तुहरू समावेश गरि प्रतिवेदन तयार गरीने छ । अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरूको बढोत्तीकरण गर्ने उपायहरू एवं हरेक नकारात्मक प्रभावहरू निषेध गर्ने, सच्याउने र क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरू प्रतिवेदनमा सुझाईने पर्नेछ ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरू प्रस्ताव कार्यान्वयनको चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गरी प्रतिवेदन तयार गरीने छ । हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय "प्रभाव म्याट्रिक्स" तयार पारीने छ । साथै वातावरणिय प्रभाव अनुसार वातावरणीय व्यवस्थापन योजना समेत तयार पार्नु पर्नेछ ।

Table 4 : प्रभाव म्याट्रिक्स ढाचाँ

| प्रस्तावका कार्य | वातावरणीय प्रभाव | प्रभावको तह निर्धारण | | | | जम्मा अङ्कमान र उल्लेखनीय |
|---|---|---|---|---|---|---|
| | | परिमा | सीमा | अवधि | प्रत्यक्ष वा अप्रत्य | |
| | | | | | | |

वातावरणीय व्यवस्थापन योजनाले बिषेश गरि आयोजना स्थापन र सञ्चालनको क्रममा भौतिक, जैविक, सांस्कृतिक र सामाजिक क्षेत्रमा पर्ने सकारात्मक र नकारात्मक प्रभावको पहिचान गर्दछ।

Table 5 : वातावरणीय व्यवस्थापन योजनाको ढाचाँ

| विषयगत क्षेत्र | सकारात्मक प्रभावको वढोत्तरीका क्रियाकलाप | के के गर्ने | कहाँ गर्ने | कसरी गर्ने | कहिले गर्ने | कसले गर्ने | अनुमानित जनशक्ति, बजेट, समय | अनुगमन तथा मूल्याङ्कन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |



सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## ९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू (Matters to be Monitored During the Proposal Implementation )

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेखित वातावरणीय व्यवस्थापन योजना यथार्थ रुपमा कार्यान्वयन भएको छ कि छैन ? यसको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन भएको छ कि छैन ? भन्ने बिषयमा जानकारी हुन आवश्यक हुन्छ । वातावरण संरक्षणका लागि प्रस्ताव गरिएका कृयाकलापहरुको कार्यान्वयन तथा पालना भए नभएको सम्बन्धमा र प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिए नगरिएको सम्वन्धमा अनुगमन गर्ने उद्देश्यले राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका, २०५० र वातावरण संरक्षण नियमावली, २०७७ ले पनि वातावरणीय अनुगमनलाई अनिवार्य गरेको छ र सो कार्यका लागि प्रस्तावकनै जिम्मेवार रहनेछ भन्ने नीतिगत व्यवस्था पनि छ । वातावरणमैत्री क्रियाकलापहरुको कार्यान्वयनले मात्र वातावरणीय प्रतिकूल प्रभावहरुलाई न्यूनीकरण गर्न सकिन्छ । अनुगमन नियमित हुन नसक्दा कार्यान्वयन पक्ष फितलो र प्रभावहीन हुन्छ । त्यसैले प्रस्तावमा उल्लेखित न्यूनीकरणका उपायहरुको प्रभावकारी कार्यान्वयनका लागि प्रस्तावकले नियमित अनुगमन गर्नु गराउनु अत्यन्त जरुरी हुन्छ । यस कार्यमा सम्बन्धित सरोकारवाला निकायहरुको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुन्छ । वातावरणीय व्यवस्थापन तथा सुपरीवेक्षणका लागि जिम्मेवार निकायहरु किटान गर्नुको अतिरीक्त अनुगमनका सूचकहरु, विधिहरु, अनुगमनको लागत र जनशक्ति समेत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनमा उल्लेख गरीने छ।

सामान्यतया प्रस्ताव कार्यान्वयन हुने आयोजनामा आधार रेखा अनुगमन (Baseline Monitoring ), नियमपालन अनुगमन (Compliance Monitoring )र प्रभाव अनुगमन (Impact monitoring)गरिन्छ। अनुगमनका निम्नलिखित ३ प्रमुख तरीकाहरुलाई बिस्तृत रुपमा प्रतिबेदनमा उल्लेख गरीने छ।

- आधाररेखा अनुगमन (Baseline Monitoring ),

आधाररेखा अनुगमन आयोजना कार्यान्वयन भन्दा अगाडि गरिने अनुगमन विधि हो । यो किसिमको आधार रेखाले पछि कार्यान्वयन हुने आयोजनामा देखा परेका परिवर्तनहरु तुलना गर्न मदत पुग्दछ।

Table 6 -आधाररेखा अनुगमन दाचाँ

| क्र.म | अनुगमन गरिने बिषय | अनुगमन | अनुगमन | अनुगमन | अनुगमन | अनुगमन | जिम्मेवार | अनुगमन |
|---|---|---|---|---|---|---|---|---|



सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

| | | सूचकहरू | विधि | स्थान | संख्या | समय | निकाय | वजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

- नियमपालन अनुगमन (Compliance Monitoring )

यसमा प्रस्तावकले पेश गरेको प्रस्ताव एवं मौजुदा ऐन नियम अनुसार वातावरणीय प्रभावहरु न्यूनीकरण कार्यहरु भए नभएको बारेमा अनुगमन गरिने छ ।

Table 7-नियमपालन अनुगमन ढाचाँ

| क्र.म | नियमपालन का बिषय | जिम्मेवार निकाय | अनुगमन सूचकहरू | अनुगमन समय | अनुगमन गर्ने जिम्मेवार निकाय | जानकारि गर्ने समयअवधि | जानकारि गर्नुपर्ने निकाय | अनुगमन वजेट |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

- प्रभाव अनुगमन (Impact monitoring)

प्रस्ताव कार्यान्वयन (न्यूनीकरणका उपाय समेत)ले भौतिक, जैविक र सामाजिक तथा आर्थिक स्थितिमा पर्ने प्रभाव मुल्याङ्कन गर्न नियमित अनुगमन गरिन्छ ।

Table 8-प्रभाव अनुगमन ढाचाँ

| क्र.म | अनुगमन गरिने विषय | अनुगमन सूचकहरू | अनुगमन विधि | अनुगमन स्थान | अनुगमन संख्या | जिम्मेवार निकाय | अनुगमन वजेट |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |



सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## १०. प्रतिवेदनको स्वरुप (Report Format )

IEE प्रतिवेदनको रुपरेखा वातावरण संरक्षण नियमावली २०७७ ले निर्धारण गरेको ढाँचा बमोजिम हुनेछ ।

- परिच्छेद एकः प्रतीवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना
- परिच्छेद दुईः प्रस्तावको सारांश
- परिच्छेद तीनः प्रस्तावको विवरण
- परिच्छेद चारः विद्यमान वातावरणीय अवस्था
- परिच्छेद चारः प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव
- परिच्छेद पाँचः प्रभाव कार्यान्वयनका विकल्प विश्लेषण
- परिच्छेद छः प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव
- परिच्छेद सातः वातावरणीय व्यवस्थापन योजना
- परिच्छेद आठः प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति, ऐन, नियम, निर्देशिका तथा अन्तराष्ट्रिय सन्धि सम्झौता
- परिच्छेद नौः प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरू
- परिच्छेद दशः निष्कर्ष तथा सुझाव

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची -I
# चेकलिष्ट तथा प्रश्नावली

## अनुसूची -I(A):
## जैविक वातावरणको लागि चेकलिष्ट

- वन्यजन्तु (WILDLIFE)

### स्तनधारी जीवहरु (Mammals)

| स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण स्तर | | | वासस्थान |
|---|---|---|---|---|---|
| | | आइ यु सि एन | साइटिस | नेपाल सरकार | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### पंक्षीहरु (Birds)

| स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण स्तर | | | वासस्थान |
|---|---|---|---|---|---|
| | | आइ यु सि एन | साइटिस | नेपाल सरकार | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### जलचर तथा उभयचरहरु (Aquatic Animal & Amphibian)

| स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण स्तर | | | वासस्थान (खोलाको नाम,पोखरी, ताल) |
|---|---|---|---|---|---|
| | | आइ यु सि एन | साइटिस | नेपाल सरकार | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

### सरिसृपहरु (Herpetofauna)

| स्थानिय नाम | वैज्ञानिक नाम | संरक्षण स्तर | | | वासस्थान |
|---|---|---|---|---|---|
| | | आइ यु सि एन | साइटिस | नेपाल सरकार | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |



सुनिल निरोला
प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची -I(B):**

**भौतिक वातावरणको लागि चेकलिष्ट**

| विधमान अवस्था | | योजना स्थल देखीको दुरी |
|---|---|---|
| अस्थीर स्थानहरु | पहिरो जाने जान सक्ने स्थानहरु | |
| | अस्थीर चट्टानहरु | |
| | अन्य अस्थीरताहरु | |
| भूक्षय (Erosion) | रिल क्षरण (Rill Erosion) | |
| | गली क्षरण (Gully Erosion) | |
| बाढी | बाढी आउने सम्भावना भएको क्षेत्र | |
| | बाढीले बिगारेको क्षेत्र | |
| प्रदुषणको श्रोत विन्दु | फोहोर पानी निस्काशन बिन्दु (औधोगिक क्षेत्रको/ ढलको) | |
| | बायु प्रदुषण | |
| सडक छेउ भएका पानीको श्रोतको गुणस्तर | सफा प्रदुषणको कुनै श्रोत नभएको | |
| | धमिलो ,प्रदुषण भएको | |
| | ढल/ औधोगिक क्षेत्रबाट पानीमा प्रसस्त प्रदुषण भएको | |
| आयोजना क्षेत्रमा अवस्थित सिंचाइ कुलो | | |
| योजना क्षेत्र भित्र पर्ने अन्य भौतिक वस्तुहरु | बिजुली तथा टेलिफोनका पोलहरु | |
| उत्खनन् गरिएको माटो बिसर्जन गरिने सम्भावित ठाऊँ | जमीनको किसिम | |
| निर्माण सामाग्री थुपार्ने स्थल | जमीनको किसिम | |

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-I(C):
## सामाजिक छलफलका विषयबस्तुहरु

जिल्ला: नगरपालिका गाँउपालिका: वडा नं: टोल:
छलफलमा उपस्थित मानिसको जम्मा संख्या: पुरुष: महिला:

### सामाजिक आर्थिक तथा साँस्कृतिक विषयहरुः

- जिविकोपार्जनका माध्यमहरु
- जमिनको उत्पादकत्व तथा खेतिका मुख्य समस्याहरु
- खेति गारिने प्रमुख बालीहरु
- उपलब्ध शैक्षिक संस्थाहरु ( बिद्यालय: प्राथमिक, निम्न माध्यामिक, माध्यामिक, उच्च माध्यामिक), अनौपचारिक शिक्षा कार्यक्रम
- सरकारी सेवाको उपलब्धता ( स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकि, अस्पताल, परिवार नियोजन क्लिनिक आदि)
- संचारका साधनहरु
- खानेपानीका श्रोतहरु
- प्रचलित खाना पकाउने उर्जा
- बत्तीको मुख्य श्रोत
- बाढी पहिरो सँग सम्बन्धीत विषयहरु
- सार्वजनिक सुबिधाको बस्तुमा पर्न सक्ने प्रभावहरु (जस्तै: खानेपानीको पाइपहरु, सिंचाइ कुलो आदी)
- यातायात को उपलब्धता
- सांस्कृतिक तथा ऐतिहासिक महत्वका ठाउँ र बस्तुहरु
- धार्मिक महत्वका ठाउँहरु
- त्यस क्षेत्रमा मनाइने मुख्य चाडपर्बहरु
- स्थानिय उपभोक्ता समुहहरु
- यदि कुनै उद्योगहरु संचालनमा भएको भए त्यसको बिवरण
- श्रम शक्तिको उपलब्धता
- आयोजना निर्माण प्रति स्थानियको धारणा

सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत

## स्वास्थ्य सम्बन्धी विषयहरु

- देखा परेका सरुवा रोगहरु (रोगको नाम, देखा पर्ने मौसम, रोग लाग्ने उमेर समुह आदी)
- देखा परेका अन्य रोगहरु (जस्तै: टी. बी., क्यान्सर, एड्स आदी)
- अन्य स्वास्थय समस्याहरु (जस्तै: कुपोषण)

## जैबिक विषयहरु:

- आयोजना स्थल वरपर पाइने वनस्पतीका जातहरु तथा तिनको महत्व
- आयोजना स्थल वरपर पाइने जीवजन्तुका जातहरु तथा तिनको महत्व

## लक्षित समुहसँगको छलफलको हाजिरी बिवरण

**नगरपालिकाको नामः**

**स्थानः**

**मितीः**

| क्र.स. | नाम | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

सुनिल निरोला
प्रमुख प्रशासकीय अधिकृत